## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/०३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु खप्तडछान्ना गाउँपालिकाको तत्कालिन अध्यक्ष, **वर्क बहादुर रोकाया** समेत ७ जना मु.नं (०८१-CR-००६७) फैसला मिति २०८२।०४।२३ | गैरकानूनी लाभहानी पुर्‍याई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु वर्क बहादुर रोकाया, भिम बहादुर रोकाया, दिपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगर, र मदनराज जोशीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा विगो रु. १४,०८,८१७/- (अक्षरेपि चौध लाख आठ हजार आठसय सत्र) कायम गरी निज प्रतिवादीहरु वर्क बहादुर रोकाया , भिम बहादुर रोकाया, दिपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगर, र मदनराज जोशीलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय हुन, निज प्रतिवादीहरु वर्क बहादुर रोकाया, भिम बहादुर रोकाया, दिपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगर, र मदनराज जोशीलाई सोही ऐनको दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिबाना हुन एवं निज प्रतिवादीहरु वर्क बहादुर रोकाया, भिम बहादुर रोकाया, दिपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगर, र मदनराज जोशीलाई सोही ऐनको दफा १२ बमोजिमको कसुरमा सोहि ऐनको दफा १२ बमोजिमको कैद र जरिबानाको सजाय समेत हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। **प्रतिवादी शम्शेर रोकायाले** भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसुर गरेको हुँदा विगो रु. १४,०८,८१७/- (अक्षरेपि चौध लाख आठ हजार आठसय सत्र) कायम गरी मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम प्रतिवादी शम्शेर रोकायालाई सजाय हुन एवं निज प्रतिवादी शम्शेर रोकायालाई मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश सजाय हुन तथा ऐ. ऐनको को दफा १२ बमोजिम हुने सजायलाई | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी मदनराज जोशीले गलत लिखतहरु तयार गर्ने कार्यमा संलग्न भएको तथ्य पुष्टि भएको नदेखिएको तथा निजले लिखतहरु गलत रहेको भन्ने जानकारी पाउन साथ बैङ्कलाई पत्राचार गरी चेक रद्द गरेको र गोश्वारा भौचर रिभर्स गरी सरकारलाई गैरकानूनी हानि पुर्‍याउनबाट बचाएको देखिएको,<br>• खप्तडछान्ना गाउँपालिकाले उपभोक्ता समितिलाई भुक्तानी पाउने भनी दिइएको चेक सटही हुनु पूर्व नै सम्बन्धित बैंकलाई तत्कालै सोही मितिमा त्रुटीवश जारी भएकोले भुक्तानी नदिन पत्राचार गरी चेक खिचेको हुँदा लेनदेन भैसकेको वा दोहोरो भुक्तानी भएको नदेखिएकोले कुनै किसिमको हानि नोक्सानी भएको नदेखिएको,<br>• प्रतिवादीहरुले च्यातेका भनिएका कागजहरु वादीले नै गलत लिखतहरु भनी दाबी गरेको र मिसिल संलग्न दशी स्वरुप पेस भएको झुट्टा भएको कागजातहरु सरकारी कागजात भएको नदेखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुर पुष्टि भएको नदेखिएको | • **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) मा "कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुर्‍याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुर्‍याउने** बदनियतले **देहायको कुनै काम गरेमा कसुरको मात्रा अनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगो बमोजिम जरिबाना गरी बिगो असूल उपर गरिनेछ । बिगो नखुलेकोमा तीन महिनादेखि तीन बर्षसम्म कैद र दश हजार रुपैंयादेखि पचास हजार रुपैंयासम्म जरिबाना हुनेछ"** भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ङ) मा झुठ्ठा विल भर्पाई बनाई भुक्तानी लिने दिने वा बोलको दोहोरो भुक्तानी लिने दिने कार्यलाई भष्टाचारजन्य कसूरमा परिभाषित गरेको देखिन्छ। प्रस्तुत मुद्दाको तथ्यलाइ हेर्दाः जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिका वडा नं. ४ स्थित सिम्लका घट्ट सिंचाई योजनाको आ.व. २०७६/०७७ मा बार्षिक बजेट योजना अन्तर्गत रु. ५ लाख बजेट विनियोजन भई फिल्डमा कार्य सम्पन्न भइसकेको, आ.व २०७७/०७८ को बार्षिक योजना किताबमा उक्त सिम्लका घट्ट सिंचाई योजना नरहेको र फिल्डमा कुनै काम समेत नभएको, पहिले नै सम्पन्न भईसकेको योजनालाई आ.व. २०७७/०७८ मा उक्त योजनाको लागत अनुमान देखि कार्य सम्पन्न प्रतिवेदन सम्मका झुट्टा विवरणका गलत लिखत तयार गरी मिति २०७८/०३/१७ गतेको गोश्वारा भौचर नम्बर ३६६ मार्फत एम्वुलेन्स खरिद बजेट शिर्षकबाट सिम्लका घट्ट सिंचाइ कुलो निर्माण उपभोक्ता समितिलाई प्राईम कमर्सियल बैंक, खप्तडछान्ना शाखाको ०७६००२७०CA चेकबाट रु. १४,०८,८१७/- रकम भुक्तानी दिएको देखिन्छ। आ.व. २०७७/०७८ को बार्षिक बजेट कार्यक्रममा स्विकृत नभएको आयोजनाको लागत अनुमान, सम्झौता पत्र, विल, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका गलत लिखत तयार गरि गराई रकम भुक्तानीको लागि गाँउपालिकाको चेक प्राप्त गरेको देखिएकोवाट जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिकाको तत्कालिन अध्यक्ष वर्क बहादुर रोकाया, खप्तडछान्ना गाउँपालिकाको वडा नं. ४ को तत्कालिन वडा अध्यक्ष भीम बहादुर रोकाया, खप्तडछान्ना गाउँ कार्यपालिकाको तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत दीपक कुमार रावल, तत्कालिन इन्जिनियर सुरेन्द्र बहादुर खाती, तत्कालिन प्राविधिक असिष्टेण्ट ईन्जिनियर जनक थापा मगर, तत्कालिन लेखापाल मदन राज जोशी, सिम्लका घट्ट सिंचाई कुलो योजनाको उपभोक्ता समितिको तत्कालिन अध्यक्ष शम्शेर रोकाया समेतले आपसी मिलोमतो तथा योजना बनाई प्रतिवादीहरुले आफूलाई गैरकानूनी लाभ तथा खप्तडछान्ना गाउँपालिकालाई हानीनोक्सानी पुर्‍याउने वदनियतले आ.व २०७६/०७७ मा निर्माण भई सकेको सिम्लका घट्ट सिंचाई कुलो योजनाको आ.व.२०७७/०७८ मा वार्षिक योजनामा नभएको आयोजनाको लागत अनुमान, सम्झौता पत्र, विल, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका गलत लिखत तयार गरी गराई रु.१४,०८,८१७/- (अक्षरेपि चौध लाख आठ हजार आठसय सत्र) रकम भुक्तानीको लागि चेक प्राप्तसमेत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) मा उल्लेखित "झुठ्ठा विल भर्पाई बनाई भुक्तानी लिने दिने वा बोलको दोहोरो भुक्तानी लिने दिने" कसूरजन्य कार्यलाई गरेको तथ्य प्रमाणित भइ रहेको अवस्था देखिदा देखिदै सो तथ्य एवं प्रमाणहरुको विश्लेषण नगरि दफा ८ तर्फको कसूरमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ मा "सरकारी वा सार्वजनीक संस्थाको कागजात नोक्सान गर्नेलाई सजायः कुनै राष्ट्र सेवकले सरकारी वा सार्वजनीक संस्थाको कागजात लुकाएमा वा कुनै तरिकाले नोक्सान पुर्‍याएमा वा नष्ट गरेमा निजलाई कसुरको मात्रा अनुसार छ महिना देखि एक वर्षसम्म कैद र दश हजार रुपैया देखि पचास हजार रुपैयासम्म जरिबाना हुनेछ। त्यसरी लुकाएको, नोक्सान पुर्‍याएको वा नष्ट गरेको कारणबाट** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम सजाय हुन मागदाबी लिई बिशेष अदालत काठमाण्डौमा **आरोपपत्र दायर** भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• विशेष अदालतबाट उपरोक्त सम्पूर्ण प्रतिवादीहरू उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) र सोही ऐनको दफा १२ बमोजिमको आरोपदावी पुग्न नसक्ने ठहर गरि फैसला भएको देखिन्छ। प्रतिवादी मध्येका मदनराज जोशीलाई आरोप दावीवाट सफाई हुने ठहर गरि फैसला भएको देखिन्छ।प्रतिवादीहरू मध्ये वर्क बहादुर रोकाया, भिम बहादुर रोकाया, दिपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम जनही ६ महिना कैद र रु.२५,०००।- (पच्चीस हजार) जरिबाना हुने, प्रतिवादी शम्शेर रोकायाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को कसुरमा सोही दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम कसूर कायम भएका मुख्य प्रतिवादी सरह निजलाई ६ महिना कैद र रु.२५,०००।- (पच्चीस हजार) जरिबाना हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>• बिशेष अदालत, काठमाण्डौबाट प्रतिवादीहरू मध्येका वर्क बहादुर रोकाया, भिम बहादुर रोकाया, दिपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर पुष्टी भएको हुँदा प्रतिवादीहरुलाई सोही दफा ९ बमोजिम जनही ६ महिना कैद र रु.२५,०००।- (पच्चीस हजार) जरिबाना हुने, प्रतिवादी शम्शेर रोकायाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को कसुरमा सोही दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम कसूर कायम भएका प्रतिवादी सरह निजलाई ६ महिना कैद र रु.२५,०००।- (पच्चीस हजार) जरिबाना हुने ठहर गरी फैसला भएको देखिदा सो हकमा पुनराबेदन जिकिर लिईएको छैन। | | **कुनै किसिमको हानी नोक्सानी भएको रहेछ भने असुल उपर गरिनेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। खसडछान्ना गाउँपालिका, गाउँपालिकाको कार्यालय, बझाङ्गको प्रतिक्रिया सहितको संलग्न कागजातहरु, जिल्ला प्रशासन कार्यालय, बझाङ्गमा अनुसन्धानको क्रममा सङ्कलित प्रमाण कागजात, जिल्ला प्रशासन कार्यालय, बझाङ्गबाट प्राप्त कागजातहरु, स्थलगत मुचुल्का सहितको प्रतिवेदन, प्रतिवादीहरु वर्क वहादुर रोकाया, भीम वहादुर रोकाया, दीपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगर, मदनराज जोशी, शम्शेर रोकाया समेतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान समेतका प्रमाणहरुवाट प्रतिवादी वर्क बहादुर रोकाया समेतले आ.व. २०७७/०७८ को बार्षिक बजेट कार्यक्रममा स्विकृत नभएको सिम्लका घट्ट सिंचाई योजनाको लागत अनुमान, सम्झौता पत्र, कार्य, विल, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका उक्त सरकारी सार्वजनिक अभिलेखमा रहेको लिखतहरु च्यातेको/ च्यात्न लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादी **वर्क बहादुर रोकाया समेत**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुर पुष्टी भई रहेको अवस्थामा देखिदा देखिदै निज प्रतिवादीहरुलाइ आरोप पत्रमा दावी लिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसूरवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• **खसडछान्ना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको तत्कालिन लेखापाल प्रतिवादी मध्येका मध्ये मदनराज जोशीको हकमा हेर्दा**ः निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८, दफा ९ र दफा १२ बमोजिम सजायको मागदावी लिई आरोप पत्र दायर भएकोमा निजले हुदै नभएको कामको गलत लिखतको आधारमा उपभोक्ता समितिलाई भुक्तानीको लागि गोश्वारा भौचर तयार गरेको, भुक्तानीको लागि प्राईम कमर्सियल बैंक, खसडछान्ना, बझाङ्ग शाखाको ०७६००२७०CA चेकबाट रु.१४,०८,८१७।- रकम भुक्तानीको लागि चेक उपलव्ध गरे गराएको तथ्य मिशिल संलग्न गोश्वारा भौचर, प्राईम कमर्सियल बैंकको जारि चेक, प्राईम कमर्सियल बैंकको बैंक स्टेटमेन्ट समेतका प्रमाणहरुवाट पुष्टी भएको देखिन्छ भने उक्त चेक भुक्तानीको क्रममा उक्त बैंकको सुरक्षा गार्डमा कार्यरत सुरेन्द्र बहादुर रोकायाले रोकटोक गरेपश्चात कसूरबाट बच्ने उद्देश्यले निज प्रतिवादी मदनराज जोशीले सम्बन्धित बैङ्कलाई पत्राचार गरी चेक रद्द गरेको देखिदा अन्य सह प्रतिवादीहरु संग मिलेमतो गरि बदनियतपुर्ण तवरले भुक्तानी दिन चेक जारी गर्ने र पछी कसूरको कुरा उजार भए पश्चात कसूरवाट उन्मुक्ति पाउने उदेश्यले आफैले जारी गरेको चेक रद्द गर्ने कार्यमा संलग्न यि प्रतिवादी मदनराज जोशीलाई आरोपित कसुरमा सजाय गर्नु पर्ने सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• यी प्रतिवादीहरु **जिल्ला बझाङ खसडछान्ना गाउँपालिका**को अध्यक्ष, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, प्राविधिक कर्मचारी, लेखापाल तथा उपभोक्ता समितिका अध्यक्ष समेतका विभिन्न जिम्मेवार पदमा रहेका राष्ट्रसेवक कर्मचारी तथा पदाधिकारीहरु रहेको देखिन्छ। निज प्रतिवादीहरुको संयुक्त संलग्नतामा योजनासम्बन्धी सम्पूर्ण कागजातहरू तयार गरे गराएको तथा प्रमाणीकरण भएको तथा भुक्तानी प्रक्रियासम्म पुगेको तथ्यमा कुनै विवाद रहेको देखिँदैन। उक्त कसूर एकल व्यक्तिको सामान्य त्रुटिबाट नभई विभिन्न तहका पदाधिकारीहरूको सक्रिय संलग्नता र सहभागितामा अनेकौं चरण पार गरी सम्पन्न भएको अवस्थामा उक्त कार्यलाई सामान्य प्रशासनिक वा मानवीय त्रुटिको रूपमा ग्रहण गर्न सकिँदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) अनुसार कुनै राष्ट्रसेवकले आफू वा अरू कसैलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार अथवा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले कार्य गरेमा सो कार्य आफैंमा दण्डनीय कसूर हुने व्यवस्था रहेको सन्दर्भमा आ.व. २०७६/०७७ मा सम्पन्न भई भुक्तानीसमेत भइसकेको तथा आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश नै नभएको सिम्लका घट्ट सिँचाइ योजनाको नाममा लागत अनुमान, सम्झौता, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक मूल्याङ्कन, गोश्वारा भौचर तथा चेकसम्मको सम्पूर्ण प्रक्रिया पुरा गरी रु.१४,०८,८१७।– रकम भुक्तानी गर्ने प्रयोजनले कार्य भएको तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित भएको अवस्था छ। यस्तो अवस्थामा रकम अन्ततः |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बैंकबाट भुक्तानी नभएको भन्ने आधारलाई मात्र ग्रहण गरी गैरकानूनी लाभ पुर्‍याउने उद्देश्यले गरिएका सम्पूर्ण कार्यलाई उल्लिखित कसूरको दायराबाट फरक रहेको भनि उक्त कसूरबाट सफाई हुने ठहर गरी भएको फैसला उक्त कानूनी प्रावधानको उद्देश्य, भावना तथा मर्मविपरीत भई त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा विशेष अदालतबाट फैसला हुँदा अनुसन्धानको क्रममा उक्त कसुरसँग सम्बन्धित कागज प्रमाणहरुलाई गलत लिखत तयार गरी भ्रष्टाचार गरेको भनि आरोपदावी रहेको हुँदा सो लिखतलाई सरकारी वा सार्वजनिक अभिलेख मान्न नमिल्ने र सो कारणले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ आकर्षित नहुने भनि उक्त आरोपदावीबाट सबै प्रतिवादीहरुलाई सफाई ठहर गरेको देखिन्छ। यसमा अनुसन्धानको क्रममा मिति २०७८।०३।२५ मा जिल्ला प्रशासन कार्यालय, बझाङबाट खप्तडछन्ना गाउँपालिकाको कार्यालयमा गरिए छानबिन सम्बन्धी प्रतिवेदनको निश्कर्षमा "...र सो योजनासंग सम्बन्धित कागजातहरु च्यातिएको भेटिनु शंकास्पद देखिन्छ..." भन्ने समेत व्यहोराको प्रतिवेदन पेश भएको अवस्थाबाट समेत सरकारी वा सार्वजनिक संस्थाको कागजात सरकारी वा सार्वजनिक संस्थाको कागजात नष्ट गरेको स्पष्ट रुपमा पुष्टि भएको अवस्था छ। यसैमा, कुनै लिखत कार्यालयको आधिकारिक कामकारबाही, निर्णय प्रक्रिया, भुक्तानी प्रक्रिया वा अभिलेख प्रणालीको अंगको रूपमा प्रयोग गरी गराई सार्वजनिक अभिलेखको रूपमा संस्थागत प्रणालीमा दाखिला गरी प्रयोजनमा ल्याइसकेपछि त्यसको सत्यता वा असत्यताको आधारमा मात्र सार्वजनिक अभिलेखको हैसियत समाप्त हुँदैन। अन्यथा कुनै राष्ट्रसेवकले जालसाजीपूर्ण कागजात तयार गरी सरकारी अभिलेखमा समावेश गरेपछि प्रमाण नष्ट गर्ने उद्देश्यले सोही कागजात च्याते वा नष्ट गरे तापनि सोही ऐनको दफा १२ आकर्षित नहुने अवस्था सिर्जना हुन जाने र सोको कारण विधायीकी मनसायसँग प्रत्यक्ष रूपमा बाझिने अवस्था रहने देखिन्छ। तसर्थ, सार्वजनिक अभिलेखको संरक्षण, पारदर्शिता तथा जवाफदेहिताको सिद्धान्तलाई दृष्टिगत गर्दा ऐ. ऐनको दफा १२ बमोजिमको कसूर ठहर नगरी भएको फैसला फौजदारी न्याय तथा कानूनको बिपरित भएको हुँदा बदर योग्य छ।<br>• **अतः** प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न खप्तडछान्ना गाउँपालिका, गाउँपालिकाको कार्यालय, बझाङ्गको प्रतिक्रिया सहितको संलग्न कागजातहरु, जिल्ला प्रशासन कार्यालय, बझाङ्गमा अनुसन्धानको क्रममा सङ्कलित प्रमाण कागजात, जिल्ला प्रशासन कार्यालय, बझाङ्गबाट प्राप्त कागजातहरु, स्थलगत मुचुल्का सहितको प्रतिवेदन समेतका **प्रमाण कागजातहरुको आधारमा** जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिका वडा नं. ४ स्थित सिम्लका घट्ट सिंचाई कुलो निर्माण आयोजनामा उपभोक्ता समिति मार्फत कार्य गर्ने गरी आ.व. २०७६/०७७ को काम देखाई आ.व.२०७७/०७८ मा रु.१४,०८,८१७/- भुक्तानी लिन चेक प्राप्त गरेको सम्बन्धमा सिम्लका घट्ट सिंचाई योजनाको आ.व. २०७६/०७७ मा बार्षिक बजेट योजना अन्तर्गत रु. ५ लाख बजेट विनियोजन भई फिल्डमा कार्य सम्पन्न भइसकेको, आ.व २०७७/०७८ को बार्षिक योजना किताबमा उक्त सिम्लका घट्ट सिंचाई योजना नरहेको र फिल्डमा कुनै काम समेत नभएको, पहिले नै सम्पन्न भईसकेको योजनालाई आ.व. २०७७/०७८ मा उक्त योजनाको लागत अनुमान देखि कार्य सम्पन्न प्रतिवेदन सम्मका झुट्टा विवरणका गलत लिखत तयार गरी मिति २०७८/०३/१७ गतेको गोश्वारा भौचर नम्बर ३६६ मार्फत एम्बुलेन्स खरिद बजेट शिर्षकबाट सिम्लका घट्ट सिंचाइ कुलो निर्माण उपभोक्ता समितिलाई प्राईम कमर्सियल बैंक, खप्तडछान्ना शाखाको 07600270CA चेकबाट रु. १४,०८,८१७/- रकम भुक्तानी दिई गाँउपालिकालाई रु.१४,०८,८१७/- (अक्षरेपि चौध लाख आठ हजार आठसय सत्र) नोक्सानी पुर्याएको तथ्य स्थापित हुन आएकोले उक्त कार्यमा संलग्न यि प्रतिवादीहरु वर्क वहादुर रोकाया, भीम वहादुर रोकाया, दीपक कुमार रावल, सुरेन्द्र बहादुर खाती, जनक थापा मगर, मदनराज जोशी, शम्शेर रोकाया समेतलाइ आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपुर्ण भएकोले उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |